# त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र र स्तर निर्धारण : उच्चशिक्षाको विकराल चुनौती

*नीलमकुमार शर्मा**

## समस्या परिचय र अध्ययनको औचित्य

नेपालमा उच्चशिक्षा सर्वप्रथम कलेजबाट शुरु भई त्यसपछि मात्र विश्वविद्यालयको स्थापनासम्म पुगेको देखिन्छ। आधुनिक शिक्षाको शुरुआत सन् १९१८ मा त्रिचन्द्र कलेजको स्थापनाबाट भएको थियो। सन् १९५९ मा नेपालको प्रथम विश्वविद्यालय (त्रिभुवन विश्वविद्यालय) को स्थापना गरियो।

त्रिभुवन विश्वविद्यालयले शुरुशुरुमा पठन-पाठन गराउने विभिन्न विषयहरू भारतका विभिन्न विश्वविद्यालयहरूको पाठ्यक्रममा आधारित थिए। यस परिपाटीमा आवश्यक सुधार ल्याउँदै देशको उच्चशिक्षालाई नेपालको परिवेशअनुसार सुहाउँदो बनाउँदै लैजाने मूल उद्देश्यले सन् १९७१ देखि देशभित्र "राष्ट्रिय शिक्षा पद्धतिको योजना" क्रमश: लागू गर्दै लैजाने नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गरियो। यसै सन्दर्भमा पाठ्यक्रम विकास केन्द्र त्रि.वि. ऐन, २०२८ को दफा ३१(२) (घ) अन्तर्गत वि. सं. २०३० साल साउन १ गते (१९७३ जुलाई १६) हालको पाठ्यक्रम विकास केन्द्र स्थापना गरिएको थियो। त्रि. वि. अन्तर्गत पठन-पाठन हुने सम्पूर्ण पाठ्यक्रमको लक्ष्य, उद्देश्य, विषयवस्तु, शिक्षणविधि, शैक्षिक सामग्री र मूल्यांकन विधिलाई समयानुकूल समसामयिक सुधार, परिमार्जन तथा परिवर्तन गर्ने र यी कार्यहरू सम्पन्न गर्न त्रि.वि. शिक्षाध्यक्षको कार्यालयलाई प्रत्यक्ष वा परोक्ष रूपमा आवश्यक सरसल्लाह तथा सहयोगसमेत पुऱ्याउने हेतुले यस केन्द्रको स्थापना गरिएको थियो।

---

* *श्री शर्मा विश्वविद्यालय अनुसन्धान महाशाखा त्रि.वि. कीर्तिपुरमा उप-प्राध्यापक हुनुहुन्छ।*

यस केन्द्रअन्तर्गत हाल ६ शाखाहरू सञ्चालित भैरहेका छन् । यी शाखाहरूमध्ये पाठ्यक्रम शाखाले त्रि.वि. भित्रको पाठ्यक्रम विकास तथा विस्तार गर्ने कार्यमा योगदान दिइरहेको छ । पुस्तक लेखन तथा प्रकाशन शाखाअन्तर्गत विभिन्न विषयका पाठ्यपुस्तक तथा सन्दर्भपुस्तकहरू लेखाउने र प्रकाशन गराउने कार्यहरू हुँदै आएका छन् । विस्तार सेवा शाखाले पाठ्यक्रम तथा पाठ्यक्रम विकास केन्द्रसँग सम्बन्धित अन्य गोष्ठी, कार्यशाला गोष्ठी तथा राष्ट्रिय अधिवेशनहरू सम्पन्न गर्ने कार्य गर्दै आइरहेको छ । परीक्षासँग सम्बन्धित त्रि. वि. भित्रका विभिन्न अनिवार्य तथा इच्छाधीन विषयहरूका विविध पक्षमा देखा पर्न गएका त्रुटिहरूलाई सुधार गर्दै त्यससम्बन्धी उपयुक्त आवश्यक कदम चाल्न विभिन्न सुझावहरू प्रदान गर्ने कार्य मूल्यांकन शाखाले गर्दै आइरहेको छ ।

यस केन्द्रअन्तर्गत रहेको समानस्तर निर्धारण शाखाले त्रि.वि. तथा अन्य बाहिरी मुलुकहरूका विभिन्न विश्वविद्यालयहरूद्वारा प्रदान गरिएका विभिन्न शैक्षिकस्तरका शैक्षिक प्रमाणपत्रहरूको समानस्तर निर्धारण गर्ने कार्य गर्दै आइरहेको छ । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि माध्यमिक तथा उच्चशिक्षाको सम्पूर्ण पक्षहरू व्यापक रुपले परिवर्तन हुन गए । त्रिभुवन विश्वविद्यालयद्वारा प्रदान गरिने विभिन्न स्तरका शैक्षिक उपाधिहरूबीच पुरानो तथा नयाँ शैक्षिक उपाधिहरूको स्तरनिर्धारण गर्नुपर्ने तत्कालीन आवश्यकता महसुस हुन गयो । अर्कोतिर नेपाल-बाहिरबाट विभिन्न शैक्षिक उपाधि प्राप्त गरी स्वदेश फर्कने व्यक्तिहरूलाई पनि त्रि.वि.को नयाँ तथा परिवर्तित शैक्षिक उपाधिहरूबीच स्तरनिर्धारण गर्नुपर्ने आवश्यकता पर्न गएकाले यस केन्द्रको समानस्तर निर्धारण शाखाले यो कार्य गर्दै आउन थाल्यो ।

पाठ्यक्रम विकास केन्द्रको स्थापना गर्नुको मुख्य उद्देश्य उच्चशिक्षामा आवश्यक पर्ने समयानुकूल स्तरयुक्त पाठ्यक्रम विकास गर्नु रहेको थियो तर केन्द्रको स्थापनापछि यस केन्द्रलाई आफ्नो मूल उद्देश्यअनुरूप सञ्चालन गर्न आवश्यक स्पष्ट त्रि.वि. नीति तथा विनियमहरूको अभाव रहन गयो । अस्थिर शैक्षिक अवस्था र आवश्यक आर्थिक स्रोतको अभावले गर्दा पनि केन्द्रले उद्देश्यानुरूपको प्रगति हासिल गर्न सकेन । राष्ट्रिय शिक्षापद्धतिको योजना लागू भई अध्ययन संस्थानहरू र डिन कार्यालयहरूको गठन भएपछि तत्कालीन डिन कार्यालयहरूलाई आ-आफ्नो क्षेत्रको पाठ्यक्रम विकास गर्ने तथा कार्यान्वयन गर्ने अधिकार प्रदान गरियो । यी सम्पूर्ण डिन कार्यालयहरूको पाठ्यक्रमलाई समन्वय गर्ने तथा सम्पूर्ण अध्ययन संस्थानहरूमा आवश्यक पर्ने अनिवार्य विषयहरूको पाठ्यक्रम तर्जुमा र कार्यान्वयन गराउने कार्यका लागि पाठ्यक्रम विकास केन्द्रलाई सक्रिय बनाउने नीति राखियो ।

राष्ट्रिय शिक्षापद्धतिको योजना असफल र अस्वीकृत भैसकेको हालको स्थितिमा यस केन्द्रको कार्यक्षेत्र र महत्वमा विशेष वृद्धि हुन जानु स्वभाविकै हो । तर यस केन्द्रले आफ्नो मूल उद्देश्यानुरूप पाठ्यक्रम विकास गर्नेतर्फ हालसम्म के-कस्तो प्रगति हासिल गरेको छ ? यसतर्फ विशेष ध्यान दिनुपर्ने स्थिति त्रि.वि. सामु खडा हुनपुगेको छ । अर्कोतिर यस केन्द्रले गर्दै आइरहेको समानस्तर निर्धारणसम्बन्धी एक अतिरिक्त कार्यका लागि पूर्ण रूपले आफूलाई व्यस्त राख्दै आइरहेको देखिन्छ । हाल यस केन्द्रबाहिर केही अपवादलाई छाडी प्रायजसो सम्पूर्ण व्यक्तिहरू मित्रराष्ट्र भारतका बिहार तथा उत्तरप्रदेशका विभिन्न बोर्डहरूद्वारा उपलब्ध गराइएका विभिन्न स्तरका आ-आफ्ना शैक्षिक उपाधिहरूको समानस्तर निर्धारण गर्ने कामका लागि घण्टौं लामो लाइन

बसिरहेका हुन्छन् । यस्तो लाइन विशेष गरी स्कूलमा शिक्षकहरूको विज्ञापन तथा अन्य क्षेत्रको पदोन्नतिको विज्ञापन भएपछि असामान्य रूपले वृद्धि हुनगएको देखिन्छ । यस केन्द्रबाहिर बिहान ९ बजेदेखि समानस्तर निर्धारणको निमित्त लाग्ने गरेको लाइन हेर्दा यो केन्द्र पाठ्यक्रम विकासका लागि नभई समानस्तर निर्धारणका लागि मात्र खुलेको केन्द्र होजस्तो लाग्ने स्थिति दिन-प्रतिदिन प्रबल बन्दै गइरहेको छ । समानस्तर निर्धारणका लागि केन्द्रमा आउने व्यक्तिहरूको वार्षिक वृद्धिदर कस्तो छ ? कुन-कुन वैदेशिक बोर्ड तथा संस्थाहरूबाट यस्ता प्रमाणपत्रहरू नेपालभित्र ओइरो लागिरहेका छन् ? विभिन्न शैक्षिक तहमा यस्ता प्रमाणपत्रहरूको संख्या के-कति रहेका छन् ? यी विभिन्न पक्षहरूमाथि विश्लेषण गर्ने कोसिस यस लेखमा गरिएको छ ।

## अध्ययनको उद्देश्य

क) समानस्तर निर्धारणका लागि (विगत पाँच शैक्षिक वर्षभित्र) केन्द्रमा आएका व्यक्तिहरूको वार्षिक वृद्धिदर पत्ता लगाउने,

ख) स्तरनिर्धारण प्रमाणपत्रलाई विभिन्न भारतीय (बिहार, यू. पी.) तथा अन्य वैदेशिक बोर्डअनुसार वितरण गर्ने र

ग) स्तरनिर्धारण प्रमाणपत्रको तहगत (विभिन्न शैक्षिक तहअनुसार) विश्लेषण गर्ने र

## तथ्यगत विश्लेषण

सूचना तथा तथ्याङ्क विश्लेषणका लागि पाठ्यक्रम विकास केन्द्रले प्रकाशित गरेका विभिन्न प्रकाशनहरूमार्फत कतिपय सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको छ भने केन्द्रका अन्य उपलब्ध हुनसक्ने केही आवश्यक अप्रकाशित सामग्रीहरूसमेत सङ्कलन र विश्लेषण गर्दै अध्ययनकार्य सम्पन्न गरिएको छ । अध्ययनमा आवश्यकताअनुरूपका तालिकाहरू निर्माण गर्दै उक्त तालिकाहरूमा देखिएको वास्तविक स्थितिको विश्लेषणद्वारा निचोड तयार गर्ने प्रयास गरिएको छ ।

*आर्थिक वर्ष २०४७/४८ देखि २०५२/५३/५४ सम्मको अवधिमा समानस्तर निर्धारणको लागि पाठ्यक्रम विकास केन्द्रमा आएका व्यक्तिहरू र उनीहरूको वार्षिक वृद्धिदर :*

समानस्तर निर्धारण गर्ने कार्यका लागि पाठ्यक्रम विकास केन्द्रको स्थापना गरिएको थिएन । यो कामलाई केन्द्रको अतिरिक्त कार्यको रुपमा मात्र राखिएको थियो । तर यस केन्द्रमा समानस्तर निर्धारणका लागि विगत करिब पाँच वर्षभित्रमा प्राप्त निवेदनहरूका संख्या हेर्ने हो भने समानस्तर निर्धारण गर्ने काम नै यस केन्द्रको मुख्य कार्य बन्दै गइरहेको देखिन्छ (तालिका १) । यसै सन्दर्भमा आर्थिक वर्ष २०४७/४८ देखि २०५२/५३/५४ सम्मको अवधिमा समानस्तर निर्धारणका लागि केन्द्रमा सङ्कलित निवेदनहरूलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १ समानस्तर निर्धारणका लागि केन्द्रमा प्राप्त वार्षिक (विभिन्न शैक्षिकस्तरका) निवेदन संख्या तथा यसको वृद्धिदर २०४७।४८-२०५२।८।१४**

| आर्थिक वर्ष (आ.व) | जम्मा निवेदन संख्या | जम्माको प्रतिशत | अघिल्लो वर्षको तुलनामा वृद्धि वा ह्रास (-) | अघिल्लो वर्षको तुलनामा वृद्धि वा ह्रास (-) प्रतिशत |
|---|---|---|---|---|
| २०४७।४८ | ४९७१ | ६.४ | - | - |
| २०४८।४९ | १००८४ | १३.० | ५११३ | १०३.० |
| २०४९।५० | ७६१२ | ९.८ | (-) २४७२ | (-) २४.५ |
| २०५०।५१ | १६७६९ | २१.७ | ९१५७ | १२०.२ |
| २०५१।५२ | २४६८२ | ३१.९ | ७९०९ | ४७.० |
| २०५२।४।१-२०५२।८।१४ | १३२१५ | १७.२ | - | - |
| जम्मा | ७७३३३ | १००.० | - | - |

*स्रोत : पाठ्यक्रम विकास केन्द्र (पा.वि.के) कार्यालय त्रि.वि. कीर्तिपुर, २०५२ ।*

*नोट : आ.व. २०५२।८।१४ सम्मको मात्र तथ्याङ्क उपलब्ध भएका कारण आ. व. २०५२।५३ सालको वृद्धि वा ह्रास पत्ता लगाउन सकिएन ।*

समष्टिगत रूपमा तालिका १ ले निम्ननतिजाहरू प्रस्तुत गर्दछ :

(i) विभिन्न शैक्षिक स्तरका प्रमाणपत्रहरूको समानस्तर निर्धारण गर्नुपर्ने चाप पा. वि. के. मा अधिकतम १२०.२ प्रतिशत सफल वृद्धि हुँदै गइरहेको छ ।

(ii) समानस्तर निर्धारणका लागि आ.व. २०४८।४९ को तुलनामा २०४९।५० मा प्राप्त हुन आएका निवेदनहरूको संख्या २४७२ (२४.५ प्रतिशत) ले घट्न गएको देखिन्छ । सम्बन्धित निकायमा सम्पर्क राख्दै यसको कारण जान्न खोज्दा उक्त अवधिका केही महिनासम्म यो कार्य स्थगित गरिएकाले यो संख्या घट्न गएको जानकारी हासिल हुन आएको छ ।

(iii) समानस्तर निर्धारणका लागि २०५२।४।१ देखि २०५२।२।१४ सम्म केन्द्रमा प्राप्त जम्मा निवेदनसंख्या हेर्दा आ.व. २०५२।५३ को अवधिमा यसको कुल संख्या ३५ हजारभन्दा माथि पुग्नसक्ने स्थिति प्रस्ट भैरहेको छ ।

*आ.व. २०४७।४८ देखि २०५२।८।१४ सम्म समानस्तर निर्धारणका लागि प्राप्त जम्मा निवेदनको शैक्षिकस्तरअनुसार विभाजन :*

आ.व. २०४७।४८ देखि २०५२।८।१४ सम्मको अवधिमा पाठचक्रम विकास केन्द्रमा समानस्तर निर्धारणका लागि परेका जम्मा ७७,३३३ निवेदनहरूमध्ये सबभन्दा ज्यादा इन्टरमेडियट स्तरको रहेको देखिन्छ । इन्टरमेडियट स्तरको जम्मा संख्या ३८,१८४ (४९.३ प्रतिशत) रहेको छ भने एस.एल.सी. स्तरको जम्मा संख्या २३,२०२ (३०.० प्रतिशत) रहेको छ । यस अवधिमा स्नातक र त्योभन्दा माथिका शैक्षिकस्तर भएका निवेदनहरूको जम्मा संख्या

६,७६३ (८.८ प्रतिशत) रहेका छन् । भारतबाहेकका अन्य देशहरूबाट विभिन्न शैक्षिकस्तरका जम्मा २,४१२ निवेदन र आवश्यक शैक्षिक कागजातहरू संलग्न नगरिएका विभिन्न स्तरका अपूर्ण निवेदनहरूको जम्मा संख्या ६,७७२ रहेका थिए र यस्ता निवेदनहरूको जम्मा संख्या ९,१८४ (११.९ प्रतिशत) रहेको देखिन्छ (तालिका २) ।

*तालिका २ : शैक्षिकस्तरअनुसार समानस्तर निर्धारण संख्या (२०४७।४८- २०५२।८।१४)*

| बोर्ड/स्तर | एस.एल.सी | इन्टरमेडियट | | | | स्नातक र माथि | स्तर नखुलेको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | इन्टर | संस्कृत मध्यमा | हाइचर सेकेन्डरी | जम्मा | | | |
| यु.पी.बोर्ड | १२५६८ | ७२५४ | - | - | ७२५४ | - | - | १९८२२ |
| बिहार बोर्ड | ७२५४ | २१७५४ | ८७०१ | - | ३०४५५ | - | - | ३७७०९ |
| भारतका अन्य बोर्ड | ३३८० | - | - | ४७५ | ४७५ | ६७६३ | - | १०६१८ |
| अपूर्ण निवेदन | - | - | - | - | - | - | ६७७२ | ६७७२ |
| भारतबाहेक अन्य देश | - | - | - | - | - | - | २४१२ | २४१२ |
| जम्मा प्रतिशत | २३२०२ (३०.३) | - | - | - | ३८१८४ (४९.३) | ६७६३ (८.८) | ९१८४ (११.९) | ७७३३३ (१००.०) |

*स्रोत : पा.वि.के. कार्यालय त्रि.वि. कीर्तिपुर, २०५२ ।*
*नोट : (-) ले शून्य जनाउँछ ।*

समनस्तर निर्धारणका लागि यू.पी. र बिहार बोर्डबाहेक भारतका अन्य बोर्डहरूबाट आउने व्यक्तिहरूको संख्या जादै न्यून रहेको देखिन्छ ।

*तालिका ३ : समानस्तरका लागि पा. वि. के. मा यू. पी., बिहार तथा भारतका अन्य बोर्डहरूबाट आउने संख्या (२०४७।४८-२०५२।८।१४)*

| *स्तर । बोर्ड* | *एस.एल.सी.* | *इन्टरमेडियट* |
|---|---|---|
| यू. पी. बोर्ड | १२५६८ (५४.१) | ७२५४(१९.०) |
| बिहार बोर्ड | ७२५४ (३१.३) | ३०४५५ (७९.८) |
| भारतका अन्य बोर्ड | ३३८० (१४.६) | ४७५ (१.२) |
| जम्मा | २३२०२ (१००.०) | ३८१८४ (१००.०) |

*स्रोत : तालिका २ बाट उद्धृत गरिएको ।*
*नोट : कोष्ठभित्रको अंकले प्रतिशत जनाउँछ ।*

एस.एल.सी. स्तरका प्रमाणपत्रहरूको संख्या हेर्दा यू. पी. बोर्ड अग्रणी स्थानमा १२,५६८ (५४.१ प्रतिशत) रहेको छ भने इन्टरमेडियट स्तरका प्रमाणपत्रहरूका लागि यू.पी. बोर्डलाई उछिन्दै बिहार बोर्ड प्रथमस्थानमा ३०,४५५ (७९.८ प्रतिशत) रहन गएको देखिन्छ। यी दुवै बोर्डबाहेक भारतका अन्य बोर्डहरूबाट आएका एस.एल.सी. र इन्टर स्तरका जम्मा संख्या ३,८५५ मात्र रहेको देखिन्छ। (तालिका ३)।

स्तर निर्धारणका लागि पा.वि.के.मा भारतका यू.पी. बिहार र अन्य बोर्ड तथा भारतबाहेक अन्य देशहरूबाट आएका विभिन्न स्तरका शैक्षिक प्रमाणपत्रहरूको संख्यात्मक विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ।

*तालिका ४ : यू पी., बिहार, भारतका अन्य बोर्ड तथा भारतबाहेक अन्य देशबाट समानस्तरका लागि आएका व्यक्तिहरूको संख्यात्मक विवरण (२०४७।४८-२०५२।८।१४)*

| *देश/बोर्ड। तह* | *एस.एल.सी. र इन्टर* | *स्नातक र माथि* | *जम्मा* | *जम्माको प्रतिशत* |
|---|---|---|---|---|
| यू.पी. बोर्ड | १९८२२ | - | १९८२२ | २८.० |
| बिहार बोर्ड | ३७७०९ | - | ३७७०९ | ५३.४ |
| भारतका अन्य बोर्ड | ३८५५ | ६७६३ | १०६१८ | १५.० |
| अन्य देश (भारतबाहेक) | २४१२ | - | २४१२ | ३.६ |
| जम्मा | ६३७९८ | ६७६३ | ७०५६१ | १००.० |

*स्रोत : तालिका २ बाट उद्धृत गरिएको।*

*नोट : (-) ले शून्य जनाउँछ।*

आ.व. २०४७।४८ देखि २०५२।८।१४ सम्मको अवधिमा पा.वि.के. मा सम्पूर्ण आवश्यक कागजातहरू पेश गरी विभिन्न शैक्षिकस्तरका प्रमाणपत्रहरूको समानस्तर निर्धारणका लागि निवेदन दिनेहरूको जम्मा संख्या ७०,५६१ रहेको छ। यो संख्यामा बिहार बोर्डको मात्र जम्मा संख्या ३७,७०९ (५३.४ प्रतिशत) रहेको छ।

बिहार बोर्डले इन्टर स्तरमा यू.पी. बोर्डको तुलनामा अत्यधिक संख्यामा प्रमाणपत्रहरू उपलब्ध गराएका कारण एस.एल.सी. तथा इन्टर दुवै तहलाई समावेश गर्दा बिहार बोर्ड प्रथम स्थाननमा रहन गएको देखिन्छ। यस अवधिमा भारतबाहेक अन्य देशहरूबाट समानस्तर निर्धारणका लागि पा.वि.के. मा आएका विभिन्न शैक्षिकस्तरका निवेदनहरूको संख्या २,४१२ (३.६ प्रतिशत) मात्र रहेको देखिन्छ।

## निष्कर्ष

समानस्तर निर्धारण गर्ने जिम्मेवारी पा.वि.के. ले आफ्नो स्थापनाकालदेखि नै सम्पन्न गर्दै आइरहेको छ। यस कार्यका लागि हाल दैनिक रूपमा केन्द्रमा आउने व्यक्तिहरूको भीड दिन-

प्रतिदिन वृद्धि हुँदै गइरहेको छ। आ.व. २०५२।५३ का चार महिनाभित्रमा १३ हजारभन्दा बढी व्यक्तिहरू समानस्तर निर्धारणका लागि केन्द्रमा आइसकेका कारण यस आ. व. को अन्त्यसम्ममा यो संख्या ३५ हजारभन्दा माथि पुग्नसक्ने देखिन्छ। केही अपवाद संख्यालाई छाड्ने हो भने समानस्तर निर्धारणका लागि पा. वि. के. मा आउने प्रायः सम्पूर्ण व्यक्तिहरू यू. पी. र बिहारका विभिन्न बोर्डहरूबाट विभिन्न शैक्षिकस्तरका प्रमाणपत्रहरू प्राप्त गर्दै नेपालमा ओइरो लागिरहेका छन्। समानस्तर निर्धारणका लागि यू.पी. र बिहार बोर्डहरूबाट आउने केही व्यक्तिहरूको प्रमाणपत्र केही समयअगाडि केन्द्रले सम्बन्धित शैक्षिक संस्थाहरूमा रुजु गराउँदा प्रायजसो गलत (खरिद भै आएका) प्रमाणित हुन पुगेका थिए। त्यसकारण यस्ता प्रमाणपत्रहरूलाई यदि बिनानियन्त्रण हालकै स्थितिमा खुला छाड्ने हो भने नेपालको शैक्षिक क्षेत्रले शिक्षाको गुणस्तरमा वृद्धि गर्ने उद्देश्य राख्नु निरर्थक साबित हुँदै जाने र अर्कोतिर यो पक्षले ज्यादै ठूलो सामाजिक अन्यायलाईसमेत प्रोत्साहित गर्दै लैजाने छ किनभने यो कार्यले आफ्नो मेहनत, परिश्रम र सम्पत्ति लगानी गर्दै इमानदारीपूर्वक विभिन्न शैक्षिक उपाधि हासिल गर्ने विद्यार्थीहरू निरुत्साहित बन्दै पछाडि पर्न जाने तर असक्षम र अयोग्य व्यक्तिहरू गलत तरिकाबाट शैक्षिक योग्यताको प्रमाणपत्र लिंदै विभिन्न जिम्मेवारपूर्ण स्थानमा कार्यरत रहने यस्तो परम्परा विकसित हुँदै गयो भने मुलुकले भविष्यमा यसको ठूलो मूल्य चुकाउनुपर्ने स्थिति तयार हुन जाने कुरामा कुनै सन्देह छैन। अतः यस्तो स्थितिमाथि तत्कालै नियन्त्रण गर्दै लैजान त्रि.वि. तथा श्री ५ को सरकार शिक्षा मन्त्रालयले तुरुन्त आवश्यक कदम चाल्नुपर्ने देखिन्छ।

## कृतज्ञता ज्ञापन

यो लेख त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान महाशाखा त्रि.वि. कीर्तिपुरमा प्रस्तुत गरिएको लघु अनुसन्धान प्रतिवेदन "उच्च शिक्षाको पाठ्यक्रम विकास तथा स्तर निर्धारण : त्रि.वि.पाठ्यक्रम विकास केन्द्रको योगदान (एक अध्ययन)" मा आधारित भएका कारण उक्त अध्ययन कार्यमा संलग्न अन्य सम्पूर्ण अनुसन्धान महाशाखाका शिक्षक कर्मचारीहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु

## सन्दर्भ ग्रन्थसूची :


१. तेस्रो योजना, (वि.सं. २०१९), श्री ५ को सरकार, आर्थिक योजना मन्त्रालय ।

२. थापा, कृष्णबहादुर, (वि.सं. २०४१) त्रि.वि. पाठ्यपुस्तक लेखन तथा प्रकाशनका समस्या र उच्चशिक्षाको स्तर, पाठ्यक्रम विकास, तीन महिने पत्रिका, अंक १४, पा. वि. के. त्रि.वि. कीर्तिपुर ।

३. पाठ्यक्रम विकास केन्द्रको संक्षिप्त परिचय, (वि.सं. २०४२), पा.वि.के., त्रि.वि. मचली टेकू ।

४. क्षेत्री पाण्डे, रामबहादुर (वि.सं. २०४१), पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पुस्तकहरूको बिक्री-वितरण व्यवस्था : एक अध्ययन, पा. वि. के. त्रि.वि. कीर्तिपुर ।

५. शाक्य, सूर्यबहादुर, (सन् १९८४), इस्टाब्लिसिङ एण्ड डेभलपमेन्ट अफ टी. यू. रेक्टर अफिस, रिसर्च डिभिजन, टी. यू. कीर्तिपुर ।

६. सिटौला, मोहन, (सन् १९८५), इक्विभेलेन्स एक्टिभिटिज इन नेपाल, अ रिभ्यू, क्युरिकुलम डेभलपमेन्ट क्वाटर्ली, नं. १८, सी.डी.सि.टी.यू. कीर्तिपुर ।